# रिलायन्स लाइफ इन्स्योरेन्स लिमिटेडको
## विशेष साधारण सभाको काम कारवाहीको निर्णय विवरण (माइन्यूट)
## द.नं. : १०३७/०६४/०६५

### १. सभा

रिलायन्स लाइफ इन्स्योरेन्स लिमिटेडको सञ्चालक समितिको मिति २०७९/०३/०३ गते बसेको १०५औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम बोलाईएको विशेष साधारण सभा कम्पनीको संचालक समितिका अध्यक्ष श्री ताराचन्द केडियाज्यूको सभापतित्वमा देहाय बमोजिम सम्पन्न भयो ।

मिति :- २०७९ साल आषाढ २० गते (तद्नुसार ०४ जुलाई, २०२२)
समय :- बिहान ११:०० बजे ।
स्थान :-अनमोल बैङ्क्वैट, शंखमुल काठमाडौं

### २. उपस्थिति

**(क) संचालक**

| | |
|---|---|
| (१) श्री ताराचन्द केडिया | अध्यक्ष |
| (२) श्री भरत कुमार तोदी | संचालक |
| (३) श्री अमित कुमार बेगानी | संचालक |
| (४) श्री सरिता भट्ट अधिकारी | स्वतन्त्र संचालक |
| (५) श्री परिक्षित खेम्का | संचालक |
| (६) श्री बद्री प्रकाश पोखरेल | संचालक |

**(ख) पदाधिकारी**

| | |
|---|---|
| (१) श्री राकेश पोखरेल | प्रमुख कार्यकारी अधिकृत |
| (२) श्री निराजन कँडेल | नायव प्रमुख कार्यकारी अधिकृत |
| (३) श्री सन्दिप सिंह | वरिष्ठ प्रबन्धक |
| (४) श्री ज्ञान बहादुर रायमाझी | प्रबन्धक |
| (५) श्री सुजिप श्रेष्ठ | प्रमुख वित्तीय अधिकृत |
| (६) श्री मुना पौडेल | कम्पनी सचिव |

**(ग) आमन्त्रित**

| | |
|---|---|
| श्री सुनिर कुमार ढुंगेल | एसएआर एण्ड एसोसिएट्स् |
| श्री रुपेश कुमार निधि | प्रतिनिधि कम्पनी रजिष्ट्रारको कार्यालय |

Reliance Life Insurance 2074

(घ) शेयरधनी/प्रतिनिधि

| विवरण | संस्थापक | सर्वसाधारण | जम्मा |
|---|---|---|---|
| संस्थापक शेयरधनीको तर्फबाट संचालकको हैसियतमा भौतिक रुपमा उपस्थित संख्या | ३ | - | ३ |
| संस्थापक शेयरधनी तथा उहाँहरुको प्रतिनिधि मार्फत भौतिक रुपमा उपस्थित संख्या | १०३ | - | १०३ |
| साधारण शेयरधनी तथा उहाँहरुको प्रतिनिधि मार्फत भौतिक रुपमा उपस्थित संख्या | | ३१२ | ३१२ |
| साधारण शेयरधनी तथा उहाँहरुको प्रतिनिधि मार्फत अनलाइन माध्ययमबाट उपस्थित संख्या | | १ | १ |
| कुल संख्या | १०६ | ३१३ | ४१९ |

३. सभाको वैधानिकता

(क) सभा सम्बन्धी सार्वजनिक सूचना

यस कम्पनीको विशेष साधारण सभा शुरु हुनु अगावै कम्पनी ऐन, २०६३ को दफा ६९ मा भएको व्यवस्था अनुरुप उपस्थित प्रतिनिधिहरुले सभाको वैधानिकता बारे यकिन गर्ने सम्बन्धमा सभाको अध्यक्षको आज्ञाले कम्पनी सचिव श्री मुना पौडेलले देहायका विवरणहरु प्रस्तुत गर्नुभयो ।

यस कम्पनीको विशेष साधारण सभाको निम्ति सो सभा हुने मिति, समय, स्थान र छलफलका विषयहरु बारेको सूचना तथा प्रस्तावहरु साधारण सभा हुनुभन्दा १५ दिन अगावै शेयरधनीको जानकारीका लागि सो को सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा दुई पटक ( मिति २०७९ आषाढ ५ तथा आषाढ १२ गते) प्रकाशित गरिएको । साथै जानकारीका लागि कम्पनीको सुचनापाटी तथा वेबसाइटमा समेत प्रकाशित गरिएको ।)

(ख) गणपूरक संख्या

कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था बमोजिम प्रकाशित गरिएको सूचनामा उल्लेखित छलफलका विषयहरु उपर छलफल गर्न आज मिति २०७९/०३/२० गतेका दिन शेयरधनीको तर्फबाट स्वयं उपस्थित २८१ जना, अनलाईन मार्फत उपस्थित १ जना तथा प्रोक्सी मार्फत उपस्थित १३७ जना गरी जम्मा ४१९ जनाको प्रतिनिधित्व मार्फत यस कम्पनीको बाँडफाँड भएको कूल शेयर संख्याको ६०.१२ प्रतिशतले प्रतिनिधित्व हुने गरी उपस्थिती जनाईसकेको हुँदा यस साधारण सभा वैधानिक भएको ।

कम्पनी ऐन, २०६३ को दफा ६९ बमोजिम सभा संचालनको लागि सोही ऐनको दफा ७३( २)बमोजिम आवश्यक गणपूरक संख्या) देहाय बमोजिम रहेको छ ।

Reliance Life Insurance 2074

| उपस्थिति विवरण | शेयरधनी | शेयर संख्या |
|---|---|---|
| भौतिक रुपमा स्वयं उपस्थित हुने संस्थापक शेयरधनीहरु | ८ | ३७४०००० |
| भौतिक रुपमा प्रतिनिधि मार्फत उपस्थित हुने संस्थापक शेयरधनीहरु | ९८ | ८७७४००० |
| अनलाईन माध्यम मार्फत स्वयं उपस्थित हुने सर्वसाधारण शेयरधनीहरु | १ | १० |
| भौतिक रुपमा स्वयं उपस्थित हुने साधारण शेयरधनीहरु | २७३ | २२४८५ |
| भौतिक रुपमा प्रतिनिधि मार्फत उपस्थित हुने साधारण शेयरधनीहरु | ३९ | ८८२६४ |
| **जम्मा** | **४१९** | **१२६२४७५९** |
| **प्रतिनिधित्व (प्रतिशत)** | | ६०.१२ |

यसरी कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था बमोजिम प्रकाशित गरिएको सूचनामा उल्लिखित छलफलका विषयहरु उपर छलफल गर्न संचालक, संस्थापक तथा साधारण शेयरधनीको तर्फबाट ४१९ जनाको प्रतिनिधित्व भौतिक तथा अनलाईन माध्यम मार्फत यस कम्पनीको बाँडफाँड भएको कूल शेयर संख्याको ६०.१२ प्रतिशतले प्रतिनिधित्व हुने गरी उपस्थिति जनाइसकेको हुँदा यस साधारण सभाका लागि गणपुरक संख्या पुगेकाले वैधानिक सभा भएको ।

**४. सभाको सभापतित्व**

यस विशेष साधारण सभा संचालनको लागि कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था अनुसार कम्पनीको संचालक समितिका अध्यक्ष श्री ताराचन्द केडियाज्यूलाई सभाको सभापतित्व गर्न अनुरोध गरिए अनुरुप दिप प्रज्वलन गरी उहाँले सभाको सभापतित्व गर्नुभयो । तत्पश्चात् सभाका अध्यक्षले शेयरधनीको तर्फबाट उपस्थित संचालक एवं प्रतिनिधिहरुलाई स्वागत गर्दै सभाको कार्यक्रम अघि बढाउनु भयो ।

**५. सभाका अध्यक्षको मन्तव्य**

यस कम्पनीको संचालक समितिका अध्यक्ष तथा सभाका सभापति श्री ताराचन्द केडियाज्यूले उपस्थित सम्पूर्णलाई स्वागत गर्दै विशेष साधारण सभा गर्नुको औचित्य प्रष्ट पार्दै आफ्नो मन्तव्य प्रस्तुत गर्नुभयो ।

**६. प्रमुख कार्यकारी अधिकृतको मन्तव्य**

यस कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री राकेश पोखरेलज्यूबाट संस्थाको कारोबार तथा कार्य प्रगति विवरण तथा कम्पनीको हालको स्थितिको बारेमा सभामा सम्मिलित शेयरधनीहरुको जानकारीका लागि सभा समक्ष प्रस्तुत गर्नुभयो ।

**७. छलफलका विषयहरु**

(क) बिशेष प्रस्ताव

१. कम्पनीको अधिकृत पूँजी वृद्धि गर्ने सम्बन्धमा ।



Reliance ... ance
2074 ...

२. कम्पनीको प्रबन्धपत्रमा पूँजी वृद्धि एवं अन्य व्यबस्थाहरु समेत समावेश गरी प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने सम्बन्धमा ।

३. कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट कुनै सुझाव वा निर्देशन भएमा सोलाई समाविष्ट गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।

४. पूँजी बृद्धिको आवश्यकतालाई दृष्टिगत गरी भविष्यमा अन्य कुनै जीवन बीमा कम्पनीसगँ एक आपसमा गाभ्ने/गाभिने तथा प्राप्ति गर्ने प्रयोजनको लागि उपयुक्त जीवन बीमा कम्पनीको पहिचान र छनौट गर्ने, समझदारीपत्रमा हस्ताक्षर गर्ने, सोको आधारमा सैद्धान्तिक स्वीकृतीको लागि बीमा समिति समक्ष निवेदन दिने, आवश्यकता अनुसार सम्पत्ति तथा दायित्वहरुको मूल्याङ्कन गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता तथा लेखापरिक्षकहरु नियुक्त गर्ने, निजहरुको पारिश्रमिक तोक्ने तथा एक आपसमा गाभ्ने/गाभिनेसँग सम्बन्धित प्रचलित नियम कानून तथा निर्देशनहरु बमोजिम अपनाउनु पर्ने तथा गर्नु पर्ने सम्पूर्ण आवश्यक कार्य, प्रकृयाहरु पुरा गरी अख्तियार प्राप्त निकायबाट अन्तिम स्वीकृती लिने तथा सो सन्दर्भमा नियामक निकायहरुले निर्देशन गरे बमोजिम विवरण उपलब्ध गराउने लगायतका कार्य गर्न गराउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी दिने सम्बन्धमा ।

(ख) विविध ।

**८. छलफलका लागि आह्वान**

उपरोक्त बमोजिमका छलफलका विषयहरु उपर छलफलको क्रममा देहायका शेयरधनी महानुभावहरुले आआफ्नो मन्तव्य, जिज्ञासा तथा सुझाव व्यक्त गर्नुभयो ।

| क्र.सं. | नाम | क्र.सं. | नाम |
|---|---|---|---|
| १. | श्री चन्द्र नारायण महर्जन | ६. | श्री राम गोपाल श्रेष्ठ |
| २. | श्री उद्धव प्रसाद घिमिरे | | |
| ३. | श्री सत्रुधन श्रेष्ठ | | |
| ४. | श्री नर सिंह लाल चखुं | | |
| ५. | श्री अमिर दास रन्जित | | |

**९. मन्तव्य, जिज्ञासा र सुझावहरु**

१. पुँजी बृद्धिको लागि नियामक निकायबाट प्राप्त निर्देशन बमोजिम कम्पनीले पुँजी बृद्धिको लागि मर्जरको विषयलाई अगाढि नबढाउनको लागि बीमा समितिसँग ताकेता गरेको नपाइएको विषयमा प्रश्न उठाउनु भयो ।

२. उल्लेखित वक्ता शेयरधनी महानुभावले कम्पनीको नाफा नोक्सान, व्यापार व्यबसाय समग्रमा प्रगति भएको र नँया जीवन बीमा कम्पनी मध्ये उच्च स्थानमा नै रहेको देखिएकोले कम्पनीलाई धन्यवाद तथा बधाई ज्ञापन गर्नुभयो ।

३. उल्लेखित वक्ता शेयरधनी महानुभावले बीमा समितिको निर्देशन बमोजिम कम्पनीले मर्जरमा जानु भर्ने भएमा कम्पनीको ब्राण्ड तथा लोगोको संरक्षण गर्न सुझाव दिनुभयो ।

४. उल्लेखित वक्ता शेयरधनी महानुभावले बीमा समितिको निर्देशन बमोजिम मर्जरमा जानु परेमा कर्मचारीहरुको हक हितलाई ध्यानमा राखी जानुपर्ने सुझाव दिनु भयो ।

५. उल्लेखित वक्ता शेयरधनी महानुभावले बीमा समितिको निर्देशन बमोजिम पुँजी बृद्धि गर्ने सम्बन्धमा हक प्रद शेयर जारी गर्ने विकल्पलाई समेत विचार गर्नु पर्ने कुरामा सुझाव दिनुभयो ।

६. विशेष साधारण सभामा कम्पनीको आर्थिक विवरण शेयरधनी महानुभावहरुको जानकारीको लागि प्रकाशित गर्ने सुझाव दिनुभयो ।

साधारण सभामा शेयरधनीहरुबाट प्रस्तुत जिज्ञासा एवं सुझावका सम्बन्धमा सभाका सभापति तथा कम्पनीका प्रमुख कार्यकारी अधिकृतले देहाय बमोजिम प्रष्ट पार्नुभयो ।

१. सभापतिज्यूले पुँजी बृद्धिको लागि मर्जरमा जानको लागि हाल समय छोटो भएको सम्बन्धमा विभिन्न निकायबाट बीमा समितिसँग छलफल तथा ताकेता भएको कुराको जानकारी दिनुभयो ।

२. कम्पनीले मर्जरमा जानु पर्ने भएमा कम्पनीको ब्रान्ड तथा लोगोलाई ध्यानमा राखी अगाढि बढ्ने कुरा सभापतिले जानकारी गराउनुभयो ।

३. कम्पनीले मर्जरमा जानु पर्ने भएमा कम्पनीका कर्मचारीहरुको हितलाई ध्यानमा राख्ने कुरामा जानकारी गराउनुभयो ।

४. उल्लेखित वक्ता शेयरधनी महानुभावले बीमा समितिको निर्देशन बमोजिम पुँजी बृद्धि गर्ने सम्बन्धमा हकप्रद शेयर जारी गर्ने विकल्पको सम्बन्धमा उक्त विषयलाई विशेष साधारण सभाले खुल्ला नै राखेको व्यहोरा जानकारी दिनुभयो ।

५. विशेष साधारण सभामा कम्पनीको आर्थिक विवरण शेयरधनी महानुभावहरुको जानकारीको लागि प्रकाशित गर्ने सुझावको सम्बन्धमा आगामी दिनमा सोलाई आत्मसात गर्ने व्यहोराको जानकारी दिनुभयो ।

सभाका सभापति तथा कम्पनीका प्रमुख कार्यकारी अधिकृतले वक्ता शेयरधनी महानुभावहरुका जिज्ञासाहरुका सम्बन्धमा जवाफ दिदैं कम्पनीको हितको लागी प्राप्त उपयुक्त सुझावहरुको लागि धन्यवाद दिनुभयो । तत्पश्चात् विशेष साधारण सभाका लागि निर्दिष्ट गरिएका प्रस्तावहरुका सम्बन्धमा देहाय बमोजिम निर्णयहरु गरियो ।

(क) **विशेष प्रस्ताव :**

१ मिति २०७८ साल चैत्र ११ गते बीमा समितिबाट सम्पूर्ण जीवन बीमा कम्पनीहरुलाई जारी भएको निर्देशन बमोजिम यस कम्पनीले २०७९ साल चैत्र मसान्तसम्ममा कम्पनीको चुक्ता पुँजी रु.५ अर्ब कायम गर्ने निर्देशन प्राप्त भएकोमा सोही बमोजिम कम्पनीको चुक्ता पुँजी वृद्धि गर्न आवश्यक भएकोले कम्पनीको अधिकृत पुँजी रु.५ अर्ब कायम गर्ने सम्बन्धमा प्रस्ताव पारित भयो ।

२ कम्पनीको प्रबन्धपत्रमा पूँजी बृद्धि सम्बन्धी व्यबस्था समावेश गरी प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने सम्बन्धमा माथि प्रस्ताव नं १ मा प्रस्ताव गरे बमोजिम अधिकृत पुँजी वृद्धि गर्नको लागि प्रबन्धपत्रको दफा ६ अन्तर्गत कम्पनीको अधिकृत पुँजी रु.३ अरब रुपैयाँबाट वृद्धि गरी रु.५ अरब हुने गरी वृद्धि गर्नको लागि निम्न बमोजिमको प्रबन्धपत्रको संशोधन पारित भयो ।

Reliance Life Insurance Ltd. 2074 B.S.

प्रबन्धपत्रमा हुने संशोधन

| हाल कायम रहेको व्यवस्था | संशोधित भई कायम हुने व्यवस्था |
|---|---|
| **दफा ६**<br>**कम्पनीको पुँजिको संरचना**<br><br>कम्पनीको पुँजिको संरचना देहाय बमोजिम हुनेछ :<br>क) यस कम्पनीको अधिकृत पुँजी रु. ३,००,००,००,०००.((तीन अरब रुपैया) हुनेछ । जसलाई प्रतिशेयर रु.१००/-दरका ३,००,००,०००(तीन करोड)थान साधारण शेयरमा विभाजन गरिएको छ । | **दफा ६**<br>**कम्पनीको पुँजिको संरचना**<br><br>कम्पनीको पुँजिको संरचना देहाय बमोजिम हुनेछ :<br>क) यस कम्पनीको अधिकृत पुँजी रु. ५,००,००,००,०००/- (पाँच अरब रुपैया) हुनेछ। जसलाई प्रतिशेयर रु.१००/-( दरका ५,००,००,०००(पाँच करोड)थान साधारण शेयरमा विभाजन गरिएको छ । |

३ कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट कुनै सुझाव वा निर्देशन भएमा सोलाई समाविष्ट गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा प्रस्ताव पारित भयो ।

४ बीमा समितिको निर्देशन बमोजिमको पूँजी वृद्धिको आवश्यकतालाई दृष्टिगत गरी भविष्यमा अन्य कुनै जीवन बीमा कम्पनीसगँ एक आपसमा गाभ्ने/गाभिने तथा प्राप्ति गर्नु पर्ने अन्तिम विकल्पको सिर्जना भएमा सो को प्रयोजनको लागि उपयुक्त जीवन बीमा कम्पनीको पहिचान र छनौट गर्ने, समझदारीपत्रमा हस्ताक्षर गर्ने, सोको आधारमा सैद्धान्तिक स्वीकृतीको लागि बीमा समिति समक्ष निवेदन दिने, आवश्यकता अनुसार सम्पत्ति तथा दायित्वहरुको मूल्याङ्कन गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता तथा लेखापरिक्षकहरु नियुक्त गर्ने, निजहरुको पारिश्रमिक तोक्ने तथा एक आपसमा गाभ्ने/गाभिनेसँग सम्बन्धित प्रचलित नियम कानून तथा निर्देशनहरु बमोजिम अपनाउनु पर्ने तथा गर्नु पर्ने सम्पूर्ण आवश्यक कार्य, प्रकृयाहरु पुरा गरी अख्तियार प्राप्त निकायबाट अन्तिम स्वीकृती लिने तथा सो सन्दर्भमा नियामक निकायहरुले निर्देशन गरे बमोजिम विवरण उपलब्ध गराउने लगायतका कार्य गर्न गराउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी दिने सम्बन्धमा प्रस्ताव पारित भयो ।

**(ख) विविध :**

विविध विषय अन्तर्गत छलफलका लागि अन्य कुनै विषय नभएको र सबै निर्धारित कार्यसूची बमोजिम छलफल भएको जानकारी सभामा गराइयो ।

कम्पनीको चौथो वार्षिक साधारण सभाले पारित गरेको कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको संशोधनमा नियमनकारी निकायबाट कुनै सुझाव वा दिर्नेशन भएमा सो लाई समाविष्ट गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी दिएकोमा साधारण सभाले पारित गरेकै संशोधन यथास्थितिमा स्वीकृत भएको व्यहोरा जानकारी गराइयो ।

Reliance Life Insurance Ltd. 2074 B.S.

८. धन्यवाद ज्ञापन

सभामा छलफल गर्ने विषयहरु उपरको छलफलको क्रम समाप्त भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरु, संचालक समितिका पदाधिकारीहरु, बीमा समिति, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लि., कम्पनी रजिष्ट्रारको कार्यालय, लेखापरिक्षक लगायत कम्पनीको व्यवस्थापन समूह र सम्पूर्ण कर्मचारीहरु तथा रिलायन्स साथीहरु साथै सम्बन्धित सबैलाई सभापतिज्यूले हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।

९. सभा विसर्जन

सभाका सभापतिज्यूबाट सभामा उपस्थित सबै शेयरधनी एवं अन्य सम्पूर्ण महानुभावहरुलाई उहाँहरुको सहभागिता तथा अमूल्य सुझावको लागि आभार प्रकट गर्दै पुनः धन्यवाद ज्ञापन गरी विशेष साधारण सभा दिनको १:०० बजे समापन भएको घोषणा गर्नुभयो ।

द.

ताराचन्द केडिया

अध्यक्ष

द.

मुना पौडेल

कम्पनी सचिव

Reliance Life Insurance Ltd.
2074 B.S.